# प्रदेश लोक सेवा आयोग

## मधेश प्रदेश, जनकपुरधाम

### प्रशासन शाखा

### प्रदेश निजामती सेवाका अधिकृत सातौं तह (अप्राविधिक/प्राविधिक) पदको बढुवाको सूचना

**सूचना नं. १७/०७९-८०** **प्रकाशन मिति : २०७९/७/२४**

बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरुका लागि प्रदेश निजामती सेवा ऐन, २०७७ बमोजिम प्रदेश निजामती सेवाका सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई दरखास्त दिनुहुन सूचना गरिन्छ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश को वेबसाइट ppsc.p2.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुने दरखास्त उपर कुनै कारवाही गरिने छैन।

यसरी पर्न आएका दरखास्त फारामहरुलाई आयोगको कार्यालयले प्राप्त हुन आएको बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ।

**<u>उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु</u>**

(क) प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ३१ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ।

(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(घ) दरखास्तसाथ सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।

(च) दरखास्त दस्तुर सातौं तहको लागि रु. १,०००।- (एक हजार) बुझाउनु पर्नेछ।

(छ) दरखास्त दस्तुर बुझाउने विधि र स्थान :- प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधामको कार्यालय कोडः २१००११७०१२ तथा राजश्व शीर्षक नं.: १४२२४ (परीक्षा शुल्क) राखी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं.: १०००१००२०००१०००० वा नेपाल बैंक लिमिटेड, खाता नं.: २७१०२००००००१००१००००००१ मध्ये आफूलाई पायक पर्ने कुनै एक बैंकमा उम्मेदवारले आफ्नो नामवाट दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचर प्रति संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ।

(ज) दरखास्त दिने अन्तिम मिति :- २०७९/८/१४ र दोब्बर दस्तुर तिरी २०७९/८/२१ सम्म

| क्र.सं. | बढुवा सूचना नम्बर | पद, सेवा, समूह, उपसमूह | पद संख्या | क्र.सं. | बढुवा सूचना नम्बर | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|---|
| (अ) | अप्राविधिकतर्फ अधिकृत सातौं तह | | | | | | |
| १ | ३१/०७९-८० | शाखा अधिकृत, प्रशासन, सामान्य प्रशासन | ५(पांच) | २ | ३२/०७९-८० | लेखा अधिकृत, प्रशासन सेवा, लेखा | ३(तीन) |
| (आ) | प्राविधिकतर्फ अधिकृत सातौं तह (स्वास्थ्य सेवा वाहेक) | | | | | | |
| १ | ३३/०७९-८० | इन्जिनियर, इन्जि., सिभिल, हाइवे | २(दुई) | २ | ३४/०७९-८० | इन्जिनियर, इन्जि., सिभिल,स्यानिटरी | १(एक) |
| ३ | ३५/०७९-८० | इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | ३(तीन) | ४ | ३६/०७९-८० | इन्जिनियर, इन्जि., सिभिल, जनरल | १(एक) |
| ५ | ३७/०७९-८० | इन्जिनियर, इन्जि., सिभिल, वि.एण्ड आ. | १(एक) | ६ | ३८/०७९-८० | इन्जिनियर, इन्जि., इलेक्ट्रिकल | १(एक) |
| ७ | ३९/०७९-८० | सहायक वन अधिकृत, वन, जनरल फरेष्ट्री | ३(तीन) | | | | |

### प्रदेश निजामती सेवाका अधिकृत सातौं तह (अप्राविधिक/प्राविधिक) पदको खुला, समावेशी र अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. १८/०७९-८०** **प्रकाशन मिति : २०७९/७/२४**

प्रदेश निजामती सेवाका निम्न सेवा, समूह, उपसमूह तथा तहका रिक्त पदहरुको खुला, समावेशी तथा अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.p2.gov.np मार्फत आवेदन दिनुपर्नेछ।

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | खुला, समावेशी र अन्तर सेवा | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| **(अ)** | **अप्राविधिकतर्फ अधिकृत सातौं तह** | | | | | |
| १ | ४०□०७९–८० | प्रशासन, सामान्य प्रशासन | खुला | | ६(छ) | ६(छ) |
| | | प्रशासन, लेखा | | | ४(चार) | ४(चार) |
| | | | | **जम्मा** | **१०(दश)** | **१०(दश)** |
| २ | ४१□०७९–८० | प्रशासन, सामान्य प्रशासन | मधेशी महिला | | २(दुई) | २(दुई) |
| | | प्रशासन, लेखा | | | १(एक) | १(एक) |
| | | | | **जम्मा** | **३(तीन)** | **३(तीन)** |
| ३ | ४२□०७९–८० | प्रशासन, सामान्य प्रशासन | मधेशी | | २(दुई) | २(दुई) |
| | | प्रशासन, लेखा | | | १(एक) | १(एक) |
| | | | | **जम्मा** | **३(तीन)** | **३(तीन)** |
| ४ | ४३□०७९–८० | प्रशासन, सामान्य प्रशासन | दलित महिला | | १(एक) | १(एक) |
| | | प्रशासन, लेखा | | | १(एक) | १(एक) |
| | | | | **जम्मा** | **२(दुई)** | **२(दुई)** |
| ५ | ४४□०७९–८० | प्रशासन, सामान्य प्रशासन | मुस्लिम | | १(एक) | १(एक) |
| ६ | ४५□०७९–८० | प्रशासन, लेखा | मुस्लिम महिला | | १(एक) | १(एक) |
| ७ | ४६□०७९–८० | प्रशासन, सामान्य प्रशासन | खस आर्य(महिला | | १(एक) | १(एक) |
| ८ | ४७□०७९–८० | प्रशासन, सामान्य प्रशासन | अन्तर सेवा | | १(एक) | १(एक) |
| | | प्रशासन, लेखा | | | २(दुई) | २(दुई) |
| | | | | **जम्मा** | **३(तीन)** | **३(तीन)** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (आ) | प्राविधिकतर्फ | | | | | |
| | **(क) स्वास्थ्य सेवा बाहेकको सेवा तर्फ अधिकृत सातौं तह** | | | | | |
| १ | ४८□०७९–८० | तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | खुला | | १(एक) | १(एक) |
| २ | ४९□०७९–८० | इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे | खुला | | २(दुई) | २(दुई) |
| | | इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी | | | २(दुई) | २(दुई) |
| | | इञ्जिनियर, इञ्जि., सिभिल, ईरिगेशन | | | ४(चार) | ४(चार) |
| | | इञ्जिनियर, इञ्जि., सिभिल, जनरल | | | २(दुई) | २(दुई) |
| | | | | **जम्मा** | **१०(दश)** | **१०(दश)** |
| ३ | ५०□०७९–८० | इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे | मधेशी महिला | | १(एक) | १(एक) |
| | | इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी | | | १(एक) | १(एक) |
| | | इञ्जिनियर, इञ्जि., सिभिल, ईरिगेशन | | | १(एक) | १(एक) |
| | | इञ्जिनियर, इञ्जि., सिभिल, जनरल | | | १(एक) | १(एक) |
| | | | | **जम्मा** | **४(चार)** | **४(चार)** |
| ४ | ५१□०७९–८० | इञ्जिनियर, इञ्जि., सिभिल, ईरिगेशन | मधेशी | | १(एक) | १(एक) |
| ५ | ५२□०७९–८० | इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे | दलित महिला | | १(एक) | १(एक) |
| | | इञ्जिनियर, इञ्जि., सिभिल, ईरिगेशन | | | १(एक) | १(एक) |
| | | | | **जम्मा** | **२(दुई)** | **२(दुई)** |
| ६ | ५३□०७९–८० | इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे | अन्तर सेवा | | १(एक) | १(एक) |
| | | इञ्जिनियर, इञ्जि., सिभिल, ईरिगेशन | | | १(एक) | १(एक) |
| | | इञ्जिनियर, इञ्जि., सिभिल, जनरल | | | १(एक) | १(एक) |
| | | | | **जम्मा** | **३(तीन)** | **३(तीन)** |
| ७ | ५४□०७९–८० | इञ्जिनियर, इञ्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट | खुला | | १(एक) | १(एक) |
| ८ | ५५□०७९–८० | इञ्जिनियर, इञ्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट | मधेशी महिला | | १(एक) | १(एक) |
| ९ | ५६□०७९–८० | हाइड्रोजियोलोजिष्ट., इञ्जि., जियोलोजी, हाइड्रोजियोलोजि | खुला | | १(एक) | १(एक) |
| १० | ५७□०७९–८० | इञ्जिनियर, इञ्जि., इलेक्ट्रिकल, जनरल इलेक्ट्रिकल | खुला | | १(एक) | १(एक) |
| ११ | ५८□०७९–८० | कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | खुला | | १(एक) | १(एक) |
| १२ | ५९□०७९–८० | कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | अन्तर सेवा | | १(एक) | १(एक) |
| १३ | ६०□०७९–८० | मत्स्य विकास अधिकृत, कृषि, मत्स्य | खुला | | १(एक) | १(एक) |
| १४ | ६१□०७९–८० | कृषि अर्थ विज्ञ, कृषि, एग्.इको. एण्ड मार्केटिङ्ग | खुला | | १(एक) | १(एक) |
| १५ | ६२□०७९–८० | पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. | खुला | | १(एक) | १(एक) |
| १६ | ६३□०७९–८० | सहायक वन अधिकृत, वन, जनरल फरेष्ट्री | खुला | | ३(तीन) | ३(तीन) |
| १७ | ६४□०७९–८० | सहायक वन अधिकृत, वन, जनरल फरेष्ट्री | मधेशी महिला | | १(एक) | १(एक) |
| १८ | ६५□०७९–८० | सहायक वन अधिकृत, वन, जनरल फरेष्ट्री | मधेशी | | १(एक) | १(एक) |
| १९ | ६६□०७९–८० | सहायक वन अधिकृत, वन, जनरल फरेष्ट्री | मुस्लिम महिला | | १(एक) | १(एक) |
| २० | ६७□०७९–८० | सहायक वन अधिकृत, वन, जनरल फरेष्ट्री | आ.ज. महिला | | १(एक) | १(एक) |
| २१ | ६८□०७९–८० | सहायक वन अधिकृत, वन, जनरल फरेष्ट्री | अन्तर सेवा | | १(एक) | १(एक) |
| २२ | ६९□०७९–८० | भू-संरक्षण अधिकृत, वन, स्वा.वा.क. | खुला | | १(एक) | १(एक) |
| २३ | ७०□०७९–८० | कम्प्यूटर इन्जिनियर, विविध | खुला | | १(एक) | १(एक) |
| २४ | ७१□०७९–८० | महिला विकास अधिकृत, विविध | खुला | | १(एक) | १(एक) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **(ख) स्वास्थ्य सेवाको अधिकृत आठौं तह** | | | | | |
| १ | ७२□०७९–८० | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | खुला | | ३(तीन) | ३(तीन) |
| २ | ७३□०७९–८० | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | मधेशी | | १(एक) | १(एक) |
| ३ | ७४□०७९–८० | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | दलित महिला | | १(एक) | १(एक) |
| ४ | ७५□०७९–८० | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | मुस्लिम महिला | | १(एक) | १(एक) |
| ५ | ७६□०७९–८० | डेण्टल सर्जन, स्वास्थ्य, डेण्टिष्ट्री | खुला | | १(एक) | १(एक) |
| ६ | ७७□०७९–८० | डेण्टल सर्जन, स्वास्थ्य, डेण्टिष्ट्री | मधेशी महिला | | १(एक) | १(एक) |
| | **(ग) स्वास्थ्य सेवाको अधिकृत सातौं तह** | | | | | |
| ७ | ७८□०७९–८० | नर्सिङ अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ | खुला | | १(एक) | १(एक) |
| ८ | ७९□०७९–८० | फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी | खुला | | १(एक) | १(एक) |
| ९ | ८०□०७९–८० | मेडिकल ल्याब टेक्नोलोजीष्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | खुला | | १(एक) | १(एक) |
| ११ | ८१□०७९–८० | मेडिकल ल्याब टेक्नोलोजीष्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | दलित महिला | | १(एक) | १(एक) |
| १२ | ८२□०७९–८० | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | खुला | | १(एक) | १(एक) |
| १३ | ८३□०७९–८० | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | दलित महिला | | १(एक) | १(एक) |
| १४ | ८४□०७९–८० | बायोमेडिकल इञ्जिनियर, स्वास्थ्य, विविध | खुला | | १(एक) | १(एक) |

परीक्षाको किसिम :- लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।

परीक्षा मिति :- पछि प्रकाशन गरिनेछ ।

परीक्षा केन्द्र :- जनकपुरधाम ।

दरखास्त दस्तुर :- सातौं तहको लागि रु. १,०००।- (एक हजार) बुझाउनु पर्नेछ र त्यस पछिका थप प्रत्येक (खुला, समावेशी र अन्तर सेवा) का लागि रु.४००।- (चार सय) थप दस्तुर बुझाउनु पर्नेछ ।

दरखास्त दिने अन्तिम मिति :- २०७९/८/१४ र दोब्बर दस्तुर तिरी २०७९/८/२१ सम्म ।

उम्मेदवारको उमेरको हद :-

- २०७९/८/१४ सम्म २१ वर्ष उमेर पुरा भै पुरुष उम्मेदवारको हकमा ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको ।
- इञ्जिनियरिङ्ग सेवा, कृषि सेवा, वन सेवा र स्वास्थ्य सेवाको हकमा ४० वर्ष ननाघेको ।

☛ वहालवाला निजामती कर्मचारीलाई उमेरको हद लाग्ने छैन ।

दरखास्त दस्तुर बुझाउने विधि र स्थान :– आयोगको अनलाईन दरखास्त प्रणालीबाट फाराम Submit गरेपछि My Application मा Click गरि All Application मा Click गर्ने त्यसपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्ने, बैंक Option मा राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड Select गर्ने र Online/Offline Payment मध्ये कुनै एक Option छनौट गरी भुक्तानी गर्न सकिन्छ ।

**Online Payment बाट दरखास्त भुक्तानी गर्न :** राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Online Payment Select गरि Next मा Click गर्ने त्यसपछि Connect IPS Login गरी रकम भुक्तानी गर्न सकिनेछ । Online Payment गर्ने उमेदवारहरुले तोकिएका वालेटहरु मध्ये कुनै एक प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ ।

**Offline बाट दरखास्त भुक्तानी गर्न :** राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Offline Payment Select गरि Next मा Click गर्ने त्यसपछि Click here मा Click गरी भौचर डाउनलोड गरेर प्रिन्ट गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम भुक्तानी गर्न सकिनेछ ।

अपलोड गर्नुपर्ने कागजातहरु :- उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव (आयोगले तोकेको फारममा), व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ । सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ ।

अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति :- लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।

पदमा रही गर्नुपर्ने कामको विवरण :- सेवा, समूह सम्बन्धी

तलब :- मधेश प्रदेश कानून बमोजिम ।

सेवा सम्बन्धी मन्त्रालय :- सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएको सम्बन्धित मन्त्रालय ।

## प्रदेश निजामती सेवाका खुला तथा समावेशीतर्फका प्रत्येक पदहरुको आवश्यक न्यूनतम शैक्षिक योग्यता

(अ) स्वास्थ्य सेवा वाहेकका सेवा तर्फ (अप्राविधिक/प्राविधिक) अधिकृत सातौं तह वा सो सरह (सेवा, समूह, उपसमूह):

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा १६ बमोजिम अयोग्य नभएको हुनुका साथै देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ ।

१. प्रशासन सेवा (सामान्य प्रशासन समूह) को लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण भएको ।
२. प्रशासन सेवा, लेखा समूहको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण भएको ।
३. आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क समूहको लागि :- मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा गणित वा जनसंख्या शास्त्र वा एप्लाइड स्टाटिस्टिक्स विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा तथ्याङ्क विषय सहित कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण ।
४. इञ्जि., सिभिल, जनरल :- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।
५. इञ्जि., सिभिल, हाइवे :- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा हाइवे इञ्जिनियरिङ्ग वा ट्रान्स्पोर्टेशन इञ्जिनियरिङ्ग वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग विषयमा कम्तीमा बी.ई. वा सो सरह उत्तीर्ण ।
६. इञ्जि., सिभिल, स्यानिटरी :- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा स्यानिटरी इञ्जिनियरिङ्ग वा पब्लिक हेल्थ इञ्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।
७. इञ्जि., सिभिल, इरिगेशन :- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।
८. इञ्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्कटेक्ट :- मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल वा सिभिल वा बिल्डिङ्ग वा स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा स्ट्रक्चर वा क्वान्टिटी सर्भे वा अर्वन प्लानिङ विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।
९. हाइड्रोजियोलोजिष्ट, इञ्जि., जियोलोजी, हाइड्रोजियोलोजि :- मान्यता प्राप्त शिक्षण संस्थाबाट हाइड्रोजियोलोजी विषयमा वा हाइड्रोजियोलाजी वा ग्राउण्ड वाटर हाइड्रोलोजी लिई जियोलोजी वा जियोफिजिक्सि वा जियोलोजिकल इन्जिनियरिङ्ग वा एप्लाइड जियोलोजीमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरेको वा जियोलोजी वा जियोलोजिकल इन्जिनियरिङ्ग इन्जिनियरिङ्ग वा जियोफिजिक्स विषयमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरी ग्राउण्ड वाटर सम्बन्धी विषयमा तीन महिनाको तालीम प्राप्त ।
१०. इञ्जि., इलेक्ट्रिकल, जनरल इलेक्ट्रिकल :- मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल इञ्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण वा कम्तिमा इलेक्ट्रिक मेशिन, पावर सिस्टम, कन्ट्रोल सिस्टम, पावर इलेक्ट्रोनिक्स, स्विच गियर एण्ड प्रोटेक्शन, पावर सर्किट थ्योरी एण्ड नेटवर्क विषय लिई इलेक्ट्रिल एण्ड इलेक्ट्रोनिक्स वा इलेक्ट्रिकल एण्ड कम्प्युटर इञ्जिनियरिङ्ग विषयमा बी.एस्सी वा बी.ई. वा बी.टेक वा सो सरह उत्तीर्ण ।
११. कृषि, कृषि प्रसार समूहको लागि :- मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी. एगृ.) वा सो सरह उत्तीर्ण ।
१२. कृषि, ला.पो.डे.डे. समूहको लागिः- पशु विज्ञान मुख्य विषय लिई बी.एस्सी.एजी उत्तीर्ण वा बि.टेक. (डेरी टेक्नोलोजी) वा बी.भी.एस्सी. एण्ड ए.एच. वा बी.भी.एस्सी./डि.भि.एम. वा बि.टेक.एड. (लाइभस्टक एक्सटेन्सन) वा सो सरह उत्तीर्ण ।
१३. कृषि, एगृ इको.मार्केटिङ्ग एण्ड स्टाटिस्टिक्स समूहको लागि :- मान्यता प्राप्त शिक्षण संस्थाबाट एगृ इकोनोमिक्स वा एगृ बिजनेश मुख्य विषय लिई स्नातक तह (बी.एस्सी.एगृ.) वा सो सरह उत्तीर्ण ।
१४. कृषि, कृषि मत्स्य समूहको लागि :- मान्यता प्राप्त शिक्षण संस्थाबाट मत्स्य पालन विषय लिई स्नातक तह बी.एस्सी. एगृ./बी.एस्सी फिसिरिज/बी.भी.एस्सी/बी.एस्सी (पशु विज्ञान)/ बी.भी.एस्सी एण्ड ए.एच. उत्तीर्ण ।
१५. वन, जनरल फरेष्ट्री समूहको लागि :- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भीकल्चर, वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन), वन संरक्षण, वन अनुसन्धान, वन व्यवस्थापन र वन्यजन्तु संरक्षण मध्ये कम्तीमा तीन विषय लिई वन विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण ।
१६. वन, स्वायल वाटर कन्जर्भेसन समूहको लागि :- मान्यता प्राप्त शिक्षण संस्थाबाट माटो वा जल संरक्षण वा जलाधार व्यवस्थापन वा वन विज्ञान वा कृषि इञ्जिनियरिङ्ग वा वन वातावरण विषयमा स्नातक वा सो सरह उत्तीर्ण ।
१७. महिला विकास अधिकृत, विविध समूहको लागि :-मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण ।
१८. कम्प्युटर इञ्जिनियर, विविध समूहको लागि :- कम्प्युटर इञ्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक इञ्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रिकल र इलेक्ट्रोनिक इञ्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक र कम्पयूनिकेशन इञ्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण ।

(आ) स्वास्थ्य सेवा तर्फ आठौं र सातौं तह (सेवा, समूह, उपसमूह, पद, तह):

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची- ६ मा उल्लेखित न्यूनतम योग्यता प्राप्त गरेको हुनु पर्नेछ । तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ । प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा १६ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ । दरखास्त दिने उम्मेदवारहरु अनिवार्य रुपमा आफ्नो सेवा, समूह सम्बन्धी परिषदमा दर्ता/नवीकरण भएको हुनुपर्नेछ ।

१. स्वास्थ्य, ज.हे.स., मेडिकल अधिकृत, आठौं तहको लागि :- मान्यता प्राप्त शिक्षण संस्थावाट एमबीबीएस वा सो सरह उपाधि प्राप्त ।
२. स्वास्थ्य, डेण्टिष्ट्री, डेण्टल सर्जन, आठौं तहको लागि :- मान्यता प्राप्त शिक्षण संस्थावाट वी.डी.एस्सी. वा वी.डी.एस. उपाधि प्राप्त ।
३. स्वास्थ्य, जनरल नर्सिङ्ग, नर्सिङ्ग अधिकृत, सातौं तहको लागि :- मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातकोपाधि प्राप्त ।
४. स्वास्थ्य, फिजियोथेरापी, फिजियोथेरापिष्ट, सातौं तहको लागि :- मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापीमा स्नातक तह उत्तीर्ण ।
५. स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे., सातौं तहको लागि :- मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजीमा स्नातक उपाधि प्राप्त ।
६. स्वास्थ्य, हेल्थ इन्स्पेक्सन, सातौं तहको लागि :- मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातकोपाधि प्राप्त ।
७. स्वास्थ्य, फिजियोथेरापी, सातौं तहको लागि :- मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापीमा स्नातक तह उत्तीर्ण ।
८. स्वास्थ्य, विविध, बायोमेडिकल इञ्जिनियर, सातौ तहको लागिः-मान्यता प्राप्त शिक्षण संस्थाबाट बायोमेडिकल इञ्जिनियरिङ्ग वा मेडिकल इलेक्ट्रोनिक इञ्जिनियरिङ्ग विषयमा स्नातक उपाधि प्राप्त ।

(ई) अन्तर सेवाको लागि :

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ को उपदफा (१७) मा व्यवस्था भए बमोजिम हुनेछ ।

**उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन**

दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी पेश गर्नुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ ।

अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु

(क) मधेसीको हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ख) दलितको हकमा : राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ग) मुस्लिमको हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मुस्लिम भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मुस्लिम भनी प्रमाणित गराएको कागजात ।

(घ) आदिवासी/जनजातिका हकमा : नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

**द्रष्टव्य :**

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ग) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाममा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।

(घ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका काजगातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ङ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(च) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(छ) पाठ्यक्रम आयोगको वेबसाइट ppsc.p2.gov.np बाट प्राप्त गर्न सकिने छ ।

## प्रदेश निजामती सेवाका अधिकृत आठौं/सातौं तह (प्राविधिक) पदको परीक्षा मिति तोकिएको सूचना

**सूचना नं. १९./०७९-८०** **प्रकाशन मिति : २०७९/७/२४**

यस आयोगबाट मिति २०७८/०३/३१ गते प्रकाशित विभिन्न सेवा, समूह, उपसमूहका अधिकृत आठौं र सातौं तहको देहाय अनुसारको विज्ञापनहरुको तपसिल बमोजिमको परीक्षा मिति तोकिएको व्यहोरा आयोगको मिति २०७९/०७/२३ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | प्रदेश निजामती सेवाका स्वास्थ्य सेवाको अधिकृत आठौं तह | | प्रथम पत्र विहान १०.०० | द्वितीय पत्र दिनको १.०० |
|---|---|---|---|---|
| १ | १५१-१५२/०७७-७८ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | २०७९।०९।२७ | २०७९।०९।२७ |
| २ | १५३/०७७-७८ | डेण्टल सर्जन, स्वास्थ्य, डेण्टिष्ट्री | २०७९।०९।२८ | २०७९।०९।२८ |
| | प्रदेश निजामती सेवाका स्वास्थ्य सेवाको अधिकृत सातौं तह | | | |
| ३ | १५४-१५६/०७७-७८ | नर्सिङ अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ | २०७९।०९।२९ | २०७९।०९।२९ |
| ४ | १५७/०७७-७८ | कम्युनिटी नर्सिङ अधिकृत, स्वास्थ्य, कम्युनिटी नर्सिङ | २०७९।०९।३० | २०७९।०९।३० |
| ५ | १५८-१५९/०७७-७८ | फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी | २०७९।१०।०१ | २०७९।१०।०१ |
| ६ | १६०-१६१/०७७-७८ | मेडिकल ल्याब टेक्नोलोजीष्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | २०७९।१०।०२ | २०७९।१०।०२ |
| ७ | १६२/०७७-७८ | फार्मेशी अधिकृत, स्वास्थ्य, फार्मेशी | २०७९।१०।०३ | २०७९।१०।०३ |
| ८ | १६३-१६४/०७७-७८ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | २०७९।१०।०५ | २०७९।१०।०५ |
| ९ | १६५/०७७-७८ | स्वास्थ्य शिक्षा अधिकृत, स्वास्थ्य, हेल्थ एजुकेसन | २०७९।१०।०५ | २०७९।१०।०५ |

**नोटः** १. माथि उल्लेखित विज्ञापनहरुको परीक्षा केन्द्र पछि प्रकाशन गरिने छ।

ppsc.p2.gov.np

.